नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(.........................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०८१/८२
चलनी नं.:- २१०८

मिति: २०८२।०२।१३

विषय: थप कागजात/विवरणहरू पेश गर्ने सम्बन्धमा ।

श्री टक्सार क्यास्केड पावर प्रा. लि.,
का. म. न. पा.-२२, काठमांडौ,
सम्पर्क नं: ९८४९३७७४९८।

उपरोक्त सम्वन्धमा त्यस कम्पनीले सुपर पिखुवा जलविद्युत आओजनाको जलविद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र पाउन मिति दरखास्त दिनुभएकोमा बुँदा नं. १ मा उल्लिखित व्यहोराहरू तहाँलाई जानकारी गराईन्छ । अतः विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका,२०७५ को दफा १० को उपदफा (३) बमोजिम बुँदा नं. २ मा उल्लिखित विषयहरूमा संचालक समितिको सक्कल निर्णय सहित प्रबर्द्धक कम्पनीको राय ७ (सात) दिनभित्र पेश गर्नहुन मिति २०८२/०२/०९ को विभागीय निर्णयानुसार अनुरोध छ।

१. सप्तकोशी उच्च बाध आयोजना सम्बन्धी विवरणहरू:

(क) प्रस्तावित सुपर पिखुवा जलविद्युत आयोजनाभन्दा तल्लो तटमा नेपाल-भारतद्वारा संयुक्त रूपमा निर्माण गर्न प्रस्तावित सप्तकोशी उच्च बाँध वहुउद्धेश्यीय आयोजना रहेको,

(ख) सप्तकोशी उच्च बाँध वहुउद्धेश्यीय आयोजनाको Full Reservoir Level = 335.25 m र Maximum Water Level: 338.3 m रहेको,

(ग) सप्तकोशी उच्च बाँध वहुउद्धेश्यीय आयोजनाको लागि गठित नेपाल-भारत संयुक्त विशेषज्ञ टोली (Joint Team of Experts) को १७ औं बैठकले आयोजनाको Governing Water Level = 304.8 m र Full Reservoir Level = 299 m रहने गरि Project Parameters संशोधन गर्न अनुमोदन गरेको,

(घ) सप्तकोशी उच्च बाँध वहुउद्धेश्यीय आयोजनाको कार्यालयबाट बाँधको Crest Level ३११ मि. मा रहने उल्लेख गरि पत्र प्राप्त भएको,

(ङ) नेपाल-भारत संयुक्त विशेषज्ञ टोली (Joint Team of Experts) को १७ औं बैठकको माईन्यूटमा माथिल्लो तटमा रहेका आयोजनाहरू: दुधकोशी जलाशययुक्त आयोजना, सप्तकोशी-१ आयोजना र तल्लो अरुण जलविद्युत आयोजनाको Project Parameters को आधारमा सप्तकोशी उच्च बाँध वहुउद्धेश्यीय आयोजनाको Governing Water Level र Full Reservoir Level परिवर्तन हुन सक्ने व्यहोरा उल्लेख भएकोले उक्त आयोजनाको Dam Crest Level, Governing Water Level र Full Reservoir Level बुदा (ग) र (घ) मा उल्लिखित मानं भन्दा बढ्न गएको अवस्थामा प्रस्तावित सुपर पिखुवा जलविद्युत आयोजना डुबानमा पर्न सक्ने भएकोले बुँदा नं. २ मा उल्लिखित विषयमा संचालक समितिको सक्कल निर्णय राखी र सोहि व्यहोरा पत्रमा उल्लेख गरि ७ (सात) दिनभित्र पेश गर्नुपर्ने ।

२. प्रबर्द्धक कम्पनीले पेश गर्नुपर्ने प्रतिबद्धताहरू

➢ सप्तकोशी उच्च बाँध वहुउद्धेश्यीय आयोजनाको डिजाईन परिवर्तन भई उक्त आयोजनाको लागि गठित नेपाल-भारत संयुक्त विशेषज्ञ टोली (Joint Team of Experts) को १७ औं बैठकले अनुमोदन गरेको Governing Water Level (304.8 m) र Full Reservoir Level (299.0 m) भन्दा बढ्न गएको अवस्थामा प्रस्तावित सुपर पिखुवा जलविद्युत आयोजना डुबानमा पर्ने भएमा त्यस आयोजनाको अध्ययन, विकास तथा निर्माण गर्दा लागेको खर्च बापत कहिँ कतै कुनै पनि क्षतिपूर्ती दावी नगर्ने र सप्तकोशी उच्च बाँध वहुउद्धेश्यीय आयोजनाको विकास र कार्यान्वयनमा कुनै बाधा व्यवधान खडा नगर्ने ।

(शंकर बहादुर साउद)
इन्जिनियर

बोधार्थ :

१. श्रीमान् महानिर्देशकज्यू, विद्युत विकास विभाग ।